समस्त राजनैतिक दलहरुले सहमत गरे अनुसार वि.सं. २०६४ चैत्र २८ गते संविधानको निर्वाचन सम्पन्न भयो । वि.सं. २०६५ जेष्ठ १५ गते बसेको संविधानसभाको प्रथम वैठकले ऐतिहासिक शाहवंशिय राजतन्त्रलाई अन्त्य गरी नेपाललाई गणतन्त्र राष्ट्र घोषणा गर्‍यो । नेपालबाट राजसंस्था हटेको वीरताको गाथा बोकेको देशभक्ति र राजसंस्थाप्रति निष्ठावान नेपाली सेनालाई नागरिक शासनको मातहतमा समाहित गरी लोकतान्त्रिकरण गरिएको कारण समाज केही क्षेत्रगत जातिगत समूहका आवाजहरु निकै पर्खररुपमा आउन थाले । १२५ जातजाति र १२३ भाषाभाषी भएको हाम्रो जस्तो विविधतायुक्त देशमा यस्ता मागको सान्दर्भिकता पुष्टि हुने ठाउँ नै थिएन । वर्षौ देखि दविएका भनिएका आवाजहरु उजागर हुदाँ तराईमा विभिन्न खाले आन्दोलनहरु भै पुनः धनजनको क्षेति व्यहोर्न परेको थियो । यस बीचमा सरकार बन्ने हट्ने प्रवृत्ति विगत जस्तै चलिरह्यो र बिभिन्न खिचातानीका बीच प्रथम निर्वाचित संविधान सभा वि.सं. २०६९ जेष्ठ १४ गते विघटन हुन पुग्यो ।

दोश्रो संविधान सभाको निर्वाचनकालागि तत्कालिन प्रधान न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो र सो सरकारले २०७० मंसीर ४ गते दोश्रो संविधान सभाको निर्वाचन सम्पन्न गर्‍यो । सो सभाले निर्माण गरेको संविधान २०७२ असोज ३ गते जारी भयो । नयाँ संविधान जारी भैसकेपछि संविधानले परिकल्पना गरेको ३ तहको सरकारका सबै निर्वाचनहरु शान्तिपूर्ण तवरले सम्पन्न भएका छन् । सबै सरकार गठन भैसकेका छन् । संविधानले परिकल्पना गरेका मौलिक हक सम्वन्धी ऐनहरु पारित भैसकेका छन् । यी परिणामहरु राष्ट्रका सुन्दर पक्ष हुन ।

संविधानको घोषणा पश्चात विगतमा कायम रहेका ५ विकास क्षेत्र १४ अञ्चल खारेज भए भने जिल्ला ७५ बाट ७७ पुगे । संघीयतामा गए सँगै नेपालमा राज्य वा प्रदेश सरकार ७ वटा बन्न पुगे त्यस्तै गरी विगतमा स्थानीय निकायका रुपमा रहेका नगरपालिका ५८ र गाविस सख्या ३९१५ रहेकोमा नेपाल सरकारको २०७३ चैत्र २२ को निर्णयले पुराना स्थानीय निकाय खारेज गरी नयाँ स्थानीय निकायको निर्माण गरेको थियो । जसमा महानगरपालिका ६, उपमहानगरपालिका ११ नगरपालिका २७६ गाउँपालिका ४६० गरी ५५३ स्थानीय सरकारको निर्माण र निर्वाचन सम्पन्नभै सञ्चालनमा छन । त्यस्ता निकायहरु संविधानतः विगतका निकाय भन्दा अधिकार सम्पन्न छन । त्यसैले स्थानीय सरकार भनिएको हो । विभिन्न चरणमा विभिन्न

निकायको निर्वाचन सम्पन्न हुदै गर्दा देशमा नेपाल कम्यूनिष्ट पार्टी (ने.क.पा.) ले केन्द्रिय संसद प्रदेश संसद र स्थानीय तहमा समेत वर्चस्व कायम गऱ्यो । नेपाल कम्यूनिष्ट पार्टी (ने.क.पा.) का संसदीय दलका नेता के.पी. शर्मा ओली २०७४ फाल्गुण २ गते प्रधानमन्त्री पदमा नियुक्त भै मन्त्रिपरिषद विस्तार सहित हाल केन्द्र सरकार सञ्चालन गरिरहनु भएको छ ।

सरकार दुई तिहाई बहुमतको बलियो तर समाज संयमित हुन सकेको देखिदैन । यही संविधान वमोजिम निर्वाचित कतिपय प्रदेशका पदाधिकारीहरु संविधान दिवसका दिन कालो दिवसको संज्ञा दिई विरोधमा उत्रनु र अर्को समुह स्वतन्त्र मधेशको माग खुलमखुल्ला रुपमा गर्नं राष्ट्रको सहज संकेत होइन । सन २००० डिसेम्वरमा भारतिय कलाकार ऋतिक रोशनको टिप्पणीप्रति हामी आवेशमा प्रस्तुत हुदा को व्यवहारले हाम्रा तराईका कतिपय समुदाय, दाजुभाइ, दिदी बहिनीहरुको मनदुखेको थियो होला भन्ने गरिन्छ त्यहि घटनाबाट भट्किएर डा. सि.के. राउतले स्वतन्त्र मधेशको माग गर्न थालेका हुन । त्यसतर्फ हामी सबै चनाखो हुनुपर्छ । दक्षिण छिमेकी हाम्रो भूमि आतंकवाद, सुन तस्करी र लागु औषधको ट्रान्जिट पोइन्ट भएको तितो पोख्दछ । उत्तर छिमेकी देश आफ्नो राष्ट्रिय अखण्डामा आघात नेपालको भूमिवाट तिव्वती शरणार्थी समतेवाट नहोस भन्ने चाहन्छ । हाम्रो भु राजनीति अत्यन्त संवेदनशील छ त्यसैले दुई ढुङ्गाको तरुल भनिएको हो । अब हाम्रो भुमि दुइ विशाल वृक्ष बीचको कमलको फूल हुनु पर्दछ । दुइ छिमेकी लगायत कुनै पनि देश विरुद्ध हाम्रो भूमि प्रयोग हुनु हुदैन । त्यसैगरी नेपाल विरुद्ध विदेशी भुमिको प्रयोग पनि हुनुहुदैन ।

अहिले नेपालमा मिडिया मैत्री बन्ने फेसन नै चलेको छ । आफ्नो अनुकूल अवस्थामा नतमस्तक हुने, हदैसम्मको प्रयोग हुने, आफुलाई अनुकूल नभए जस्तोसुकै मामिलामा दक्षिण छिमेकीको विरुद्धको भावना फैलाएर होस वा उग्र राष्ट्रवादको भावना सहित नेपालका नेताहरुलाई गाली गलौज गरेर होस हिरो बन्ने ताली खाने वानी परेको छ । त्यतीमात्र होइन आफ्नो हैसियत नै विर्सेर नेपालका संवैधानिक निकायहरु, न्यायलयप्रति विषवमन गर्ने अराजकता फैलाउने राजिनामा माग गर्ने र आफूले आफैलाई महामानव ठान्ने प्रवृत्ति देखि विदेशमा बस्ने नेपाली प्रति तिखो टिप्पणी गरी हिरो बन्ने रोग मौलाएको छ । छिमेकका हाम्रा सिमा मिचिएका छन, हाम्रो भुभाग डुवानमा परेको छ वा अन्तर्राष्ट्रिय कानून विपरित गतिविधि भैरहेका छन्, हामीलाई क्षति पुगेको छ भने देशको प्रशासनिक, कुटनैतिक र राजनीतिको माध्यमबाट समाधान खोजिनु पर्दछ । छिमेकी सँगको सम्वन्धनलाई परिमार्जन गर्न सकिन्छ तर सदियौं देखिको सम्वन्ध विग्रन दिनु हुदैन । कुनै न कुनै वाहानामा देशमा अस्थिरता पैदा गरिरहने र अस्थिरतालाई स्थायी बनाई राजनैतिक लाभ लिने दाउपेच छदैछ । समाजमा वलात्कार, हत्या लगायतका महिला हिंसा बढ्दो छ , अपहरण, गुण्डागर्दी कायमै छ । दण्डहीनता मौलाएकै छ । त्यसैले हाम्रो जस्तो भू राजनैतिक अवस्थालाई हृदयगम गरी नेपालमा शान्ति अमनचयन कायम गर्न राष्ट्रिय एकता र अखण्डता कायम राख्न मित्र राष्ट्रहरुसँग असल सम्वन्ध कायम राख्न राष्ट्र ठोसरुपमा प्रस्तुत हुन जरुरी छ । निर्वाचनका बखत जे जस्ता मत मतान्तर भए पनि देशको एकता, अखण्डता र कुटनैतिक मामिलामा सबै राजनैतिक दल नागरीक समाज एक जुट भई राष्ट्रलाई सहयोग पुराउनु पर्दछ । सम्भब भएसम्म संघियताबाटै देशलाई अगाडि बढाउने यदी राष्ट्रिय एकता अखण्डता र आर्थिकरुपले संघियता नै वोझ बनेको छ भने स्थानीय निकायलाई अहिले कै जस्तो शक्तिशाली बनाएर वर्तमान संविधान संशोधनद्वारा संघीयता सहित अहिलेको प्रदेशको संरचना खारेज गर्ने आटसहित सबै राजनैतिकहरु एक जुट हुन जरुरी छ, सो का लागि संविधान प्रतिकूल हुदैन, छैन ।

अन्तमा नेपालको जयहोस संसारभरी छरिएर रहेका नेपालीहरुको जयहोस् नेपालीहरु जहाँजहा रहनु भएको छ तत देशहरुको पनि जय होस् ।

सन्दर्भ सामाग्री

- ✓ नेपालको संविधान, २०७२
- ✓ नेपालको अन्तरिम संविधान, २०६३
- ✓ नेपाल अधिराज्यको संविधान, २०४७
- ✓ वृहत ज्ञानकोष, ज्ञानेश्वर भट्टराई
- ✓ गुगल खोज

■■■

## Happy Nepalese Festivals Greetings to All

12704 Q St. Omaha, NE 68137
www.autotimeomaha.com




**DAN/MARCIA ABENDROTH - OWNERS**

402-680-7837 dan@autotimeomaha.com

Dan has been in the automotive sales business since 1990. He sold and managed the new and used vehicle departments of one of Nebraska's largest Chevrolet dealers before going into the auto business as an independent in 2008. Dan and Marcia both were raised on the farm and came from small town communities of less than 500 people. They have 3 daughters, a son in law and 2 granddaughters and a grandson. Dan and Marcia enjoy the outdoors, sporting activities and spending time with family as well as being active with their local church.

Located at 12704 Q Street, Omaha NE 68137 Just 1 mile west of I-80 on the northwest corner of 127th and Q St. We have local, and national banks and credit unions with financing available for on the spot delivery with approved credit. Let us help you get the credit you deserve. Go to our website and click "apply for credit" for a secure credit application. Now is the time, Auto Time! Free delivery up to 250 miles.







# Basic Guidelines for First Time Home Buyers

*Raj Acharya , Realtor -Nebraska Realty*
*PH: 402-578-1464 , raj@nebraskarealty.com*

Are you a first-time home buyer ?
This information will guide you through the home buying process.

## TABLE OF CONTENTS

1. Introduction and overview of the process
2. Pre-qualification vs. pre-approval (financing)
3. Credit score - how it works to get a mortgage
4. Type of loan (loan programs)
5. The Do's and Don'ts (when you plan to buy house)

## INTRDUCTION AND OVERVIEW OF THE PROCESS

The home buying process is not as difficult as you may think. With proper education and guidance, the entire process will be seamless. There are following parties involved during the whole transaction:

1. Realtor: To find the home you desire
2. Landing institution: For your mortgage financing process and approval
3. Title company: To collect and record signed documents (final process)





On the auspicious Nepalese cultural occasion of Dashain and Tihar
NICE POS & HUNGRY4FOOD.COM
wishes you all Nepalese happy greetings. May Nebraska Nepalese Society develop towards prosperity and harmony:

पृथ्वीको जुनसुकै कुनामा भए पनि रेष्टुरेन्ट व्यवसायमा हुनुहुन्छ भने हामी तपाइको website बाट सजिलै online order लिन सकिने सिस्टम तयार गर्दछौं ।









BHIM RAI
Principle Owner
NICE POS & HUNGRY4FOOD.COM

## OVERVIEW OF THE PROCESS

1. Consultation (with your lender and realtor)
2. Apply for pre-approval
3. Find your home, make an offer, and get into the contract
4. Submit your loan application, lock your rate, and order appraisal
5. Conduct inspection and complete the negotiation
6. Finalize loan/commitment letter
7. Walk through and settlement

## PRE-QUALIFICATION

1. Based on verbal information provided by clients
2. No verification of information
3. Mostly for those who are just shopping around to get more info.

## PRE-APPROVAL

1. Based on real information provided by clients
2. All the supporting documents are collected, reviewed, and verified
3. In most cases, this letter is required as part of an offer

## CREDIT HISTORYBASIC GUIDELINES

1. Late payments, collections, tax liens, judgement lines, foreclosure history and bankruptcy.
2. 35% Payment history
3. 30% accounts owned
4. 15% length of credit
5. 20% new accounts/type of credit

## QUALIFYING INCOME

- Basie salary or hourly pay
- Bonuses and overtime pay (2 years of income history)
- Commission and self-employment income (2 years of income history)
- Pension, social security, Disability and child support
- Dividends and Interest

- Stability of income
- Seasonal income (2 years of income history)
- Any gaps in employment
- Part-time employment (2 years of income history)

## DOCUMENTS PROVIDED BY BUYERS

1. Recent pay stubs
2. W-2 for last 2 years
3. Last 2 years' tax returns (for self employed)
4. Recent bank statements for the last 2 months of activities (longer the better)
5. Copy of Driver's License, Government issued ID or Passport

Note: If you are not a citizen of the United States, the under writer may ask for more documents: Work, visa status, Green card, etc.

## TYPES OF LOAN OR LOAN PROGRAMS

1. Conventional: a mortgage that is not guaranteed or insured by any government agency, including the Federal Housing Administration (FHA), Farmers Home Administration (FMHA), and the Department of Veterans Affairs (VA). It is typically fixed in its terms and rate. (Fannie Mae/Freddie Mac)
2. FHA: aimed at borrowers who cannot afford a sizeable down payment, have high debt-to-income ratios or less than stellar credit.
3. VA: reserved for active-duty military and veterans.
4. VHDA: a First-Time Homebuyer (no prior ownership in any residence during previous 3 years. Does not apply when purchasing property in Areas of Economic Opportunity).
5. USDA: for low to moderate income borrowers living in rural areas.+
6. JUMBO LOAN PROGRAM: intended for excellent borrowers with excellent credit looking to finance loan amounts greater than the amount allowed by Fannie Mae or Freddie Mac.

Please understand, I am not a lawyer or a banker, I am a relator. If you need any legal assistance, you should consult with your lawyer and if you need any financial assistance, you should contact your banker.








*Art*
*BY*
*Suvan Bhatt*

On the auspicious Nepalese cultural occasion of Dashain and Tihar
La Vista Mart
wishes you all Nepalese happy greetings. May Nebraska Nepalese Society develop towards prosperity and harmony:



**Business Owner**
**Jiban Giri**
**La Vista Mart**
**9849 Giles Rd, La Vista NE 68128**
**Phone (402) 505 7379**



# दशैं

गोविन्द पौडेल



हरियो भो धुलो हट्यो भयो स्वस्च्छ पवन
सुनखरी फूल्यो घरमा शरद पस्यो आँगन
खुसीयाली लाला बाला चंगा आकासभरि
रमाइलो वातावरण छिमेक वारी पारी
घर आँगन रंगिएर देख्छन रंगी चंगी
विदेशमा बसेका नि फर्के साथी संगी
खेत धान वारी कोदो कतै मकै लह लह
चमच्चामा कतै पिंगमा गर्दै चहै चह
नया लुगा मीठो खाना भेट्ने इष्टमित्र
नव दुर्गाको आगमन सबको घरभित्र
असत्यमा सत्यताको विजयको पर्व
हिन्दु हामी यो पर्वको गर्छौं ठूलो गर्व ।





On the auspicious Nepalese cultural occasion of Dashain and Tihar
Neupane Tax Service
wishes you all Nepalese happy greetings. May Nebraska Nepalese Society develop towards prosperity and harmony:

Contact Us :
All tax filing and tax file related issues.
402-210-7225, 402-210-7694

Salikram Neupane And Sumitra Neupane (Neupane Family)

# On the auspicious Nepalese cultural occasion of Dashain and Tihar Bhatt Family wishes you all Nepalese happy greetings. May Nebraska Nepalese Society develop towards prosperity and harmony:



**Bhakta/Sajana Bhatt and Bhatt Family**






Kritika Kandel



# दशैं विदा कसैलाई पीडा



✍ मीना शाक्य

आजभन्दा ४३ वर्षअगाडि लेखिनुपर्ने घटना थियो, छापिनु पर्ने समाचार थियो, त्यो कथा थिएन वास्तविक घटना। त्यसताका अहिलेजस्तो पत्रपत्रिका धेरै थिएनन्। गाउँघरमा त राष्ट्रिय समाचार को रुपमा निस्किने गोरखापत्र पनि ६ महिना पछाडि कोही काठमाडौँ गएको बेलामा लिएर आए भने पढ्न पाइन्थ्यो । हरेक साल दशैं नजिक आएको बेलामा हामी अध्ययन गर्दै गरेको महाबौद्ध नर्सिङ क्याम्पसमा घटेको घटना सिनेमाको रिल जस्तै घुम्दै गरेको याद आउछ। सो क्याम्पसमा २०३० देखि २०३३ सालसम्म छात्राबास रहँदा पालना पालना गर्नपर्ने केही नियमहरु उल्लेख गर्न औचित्य मानेर वर्णन गर्न लाग्दैछु । उपत्यकामा त्यस समय त्रिभुवन विश्वविद्यालयअन्तर्गत किर्तिपुर तथा नर्सिङ क्याम्पस हरुमा मात्रै महिला छात्रावासको व्यवस्था थियो । तर कीर्तिपुरको भन्दा हाम्रो छात्रावासको नियम भने ज्यादै कडा थियो । शनिबार एकदिनमात्र बिहान ७ बजे बाट बेलुकी ७ बजे बाहिर जान पाउने । त्यो बाहेक बुधबार ५ देखि ७ बजे सम्म छात्रावासको आगन्तुक कक्षमा आफन्तलाई भेट्न पाइन्थ्यो। अन्य दिनहरुमा बिहान ७ बजे खाना खाएपछि समय तालिका अनुसार आफ्नो कक्षा वा प्रयोगशाला जानुपर्दथ्यो । फर्केर आएपछि होमवर्क सिध्याउने चटारो पर्दथ्यो। कहिले गाउँघर आफन्तहरु नछोडेका विद्यार्थीहरु छात्रावास रहँदा होमसिकले रुने कराउने पनि गर्थे। पहिला नर्सिङ शिक्षालाई समाजले त्यति उचित स्थान दिएको थिएन। पछि हाम्रो ब्याजमा तत्कालिन अधिराजकुमारी स्वर्गीय प्रेक्षा राज्यलक्ष्मी शाह नर्सिङ्ग पढ्न भर्ना भए पश्चात विद्यार्थीको चाप बढ्न थाल्यो । जब दशैंको छुट्टी हुने बेला हुन्छ तब उपत्यकाका बाहिरका विद्यार्थीहरूलाई सास्ती हुन्थ्यो।

दसैंमा घर जान कसलाई रहर लाग्दैन र ? सीमित मात्रामा बस, हवाइजहाज भएकोले टिकट पाउन गाह्रो हुन्थ्यो । कति ठाउँमा हिँडेर जानुपर्ने ठाउँहरू पनि थिए। घटस्थापना देखिनै छात्रावास बन्द हुने भएकाले खाने र बस्ने समस्याका कारण टिकट नपाएका विद्यार्थीहरूको विचल्ली हुन्थ्यो। क्याम्पस र

छात्रावासका कर्मचारी भान्से टहलुवा, पाले वारडेन सबै को छुट्टी हुन्थ्यो । हिडेर घर जान पनि बाटो लामो हुने र असुरक्षा पनि हुने हुदा साथीभाई आफन्तहरूको डेरा या लजहरुमा बस्नुपर्दथ्यो ।

छात्राबासमा प्रथम, दोस्रो र तेस्रो वर्षमा गरी १७० जना जति विद्यार्थी थिए । तालिमको अन्तिम बर्ष वि. स. २०३३ साल जेठमा हाम्रो प्रयोगात्मक परीक्षा चल्दै थियो । त्यस्तैमा एकाबिहानै झिसमिसेमै छात्रावास नजिकैबाट भर्खर जन्मेको नवजात शिशुको रुवालीले ध्यान खिच्यो । रोइरहेको बच्चा पत्ता लगाउन सबैजना टर्च बालेर खोज्न थाले । खोज्दै जाँदा छात्राबासको बरण्डाको टबमा कपडाले बेरेर फालिएको नवजात शिशु फेला पर्यो । छात्राबासको यस्तो कडा निगरानी र नियम हुँदाहुँदै आखिरी कसले यस्तो कार्य गर्न हिम्मत गरे सबै चकित भए । छात्राबासमा तुरुन्त शिक्षक तथा कर्मचारीहरुको बैठक बसी छलफल भयो । निचोडमा विद्यार्थीहरुबाट नै हुन सक्ने भन्दै तीनवटै सेमेस्टरका विद्यार्थीहरुलाई कसले गरेको आफैंले स्वीकार गरी आउन अनुरोध गरियो । तर कोही पनि अगाडि आउन तयार नभएपछि महिला चिकित्सकद्वारा परीक्षण गर्ने निर्णय भयो । परिक्षण पश्चात पहिलो बर्ष अध्ययन गर्ने किशोरी विद्यार्थी भएको पत्ता लाग्यो । हसीले रसिली सबैसँग मिल्न सक्ने स्वभावकी करुणा (नाम परिवर्तन) ले आफ्नो भएको स्विाकार गरिन् । पूर्वको सानो रमाइलो गाउँबाट साथीहरुसँग नर्सिङ पढेर देश र जनताको सेवा गर्ने चाहनाले काठमाडौं भित्रिएकि थिइन् उनी । अल्पसंख्यक पिछडिएको जाति अन्तर्गत उनले क्याम्पसबाट १ सय ५० रुपैंया छात्रवृत्ति सँगै बिदेशी संस्थाबाट पढाईको लागि थप आर्थिक सहयोग पनि प्राप्त गरेकी थिइन् ।

अघिल्लो वर्ष दशैं मनाउन २ महिना पहिले नै विदा पाएकी करुणा एक्लै घर जान नसकेपछि छात्रावासले अस्पतालमा कार्यरत स्टाफलाई घरसम्म लगिदिन भनेको थियो । बाटोमा जाँदा उसले करुणालाई बलात्कार गरि गर्भ रहेको कुरा उनले डरले वा लाजले कसैलाई भनिनछिन् । सोही वर्ष जाडो विदामा घर जाँदा उसलाई भेटी आफु गर्भवति भएको कुरा सुनाइन् । उसले विभिन्न आसा देखाउँदै विहे सम्म गर्छु भनी फकाइ पठायो । उनी फर्किन तर त्यो व्यक्ति जागीर छोडेर भाग्यो । अन्ततः उनले जस्तै पीडा दुःख सहेर बच्चालाई जन्म दिईन । उनले आफ्नो पछ्यौरामा बेरेर बार्दलीबाट फाल्न चाहेकी थिइन् । तर दया लागेर टबमा राखिदिइन् । अजिबको कुरो त के थियो भने त्यत्रो संख्यामा डाक्टर, नर्स शिक्षक, विद्यार्थी भएर पनि उनी गर्भवति भएर बच्चा जन्माउने समयसम्म कसैले भेउ पाउन सकेका थिएनन् । त्यो अवस्थामा हुँदा कक्षामा कसरी बसेर पढिन्, प्राक्टिकलमा ८ घण्टा कसरी काम गरिन्, कसरी कहाँ प्रसव बेदना सहेर बच्चा पाइन् ! यो सबै आश्चर्यजनक कुराहरु थिए । जब उनले आफ्नो कहानी बताइन अधिकांसमा दया जागेर आयो । तर केही विद्यार्थीहरु भने विना अर्थ आफुहरुलाई परिक्षण गरेकोमा उनी प्रति रुष्ट नै भएका थिए । अन्तमा उनको पढाइमा सहयोग पुर्याउने विदेशी दातृ संस्थाका पदाधिकारीलाई बोलाएर बच्चासहित जिम्मा लगाइयो ।

अब उनी एक्लै बच्चा लिएर न्याय खोज्न कहाँ जाने ठाउँ पनि थिएन । जो बलात्कारी थियो उ पनि जागीरै छोडेर भागिसकेको हुनाले एक्लैले खोजेर न्यायका लागि लड्न उनलाई हिम्मत पनि आएन । केही समय पश्चात दैवको खेल उनकि ती छोरीको पनि मृत्यु भयो । दुर्भाग्यवश उनको लागि त्यो दशैं बिदा दशा सावित भयो एक्लो त्यो जिन्दगीको यात्रा नै अर्कैतिर मोडियो ।

यो यथार्थ घटना आजभन्दा ४३ वर्ष पहिलेको हो । तर आजसम्म आउँदा पनि हाम्रो समाज यस्तै यस्तैमा रुमलिएको छ । पीडा भोग्नेलाई थाहा हुन्छ । छात्रावासकी करुणा देखि कन्चनपुरकी निर्मला पन्तसम्म नियाल्दा हाम्रा चेलीबेटीहरु दिन प्रतिदिन असुरक्षित बन्दै गईरहेका छन् । कानुन कागजमा मात्र सीमित हुँदै गएको छ । न्याएको लाथि लड्दा निहत्था जनतामाथि गोलि बर्सिन्छन् । ठुलाबडाका हुकुममा न्याय किनबेच हुन थालेको आभाष सर्वसाधारणमा परिसकेको छ । जनताको सुरक्षामा खटिएका भनिने सुरक्षाकर्मी प्रमाण नष्ट गर्नमा सरिक हुँदै छन् । पैसा पद, पावरले न्याय नमरोस्, अपराधीलाई कडा कारवाही होस् र सबैमा नैतिकता, अनुशासन, र असल आचरणको विकास दुर्गा माताको आर्शिवादले प्राप्त होस् ।

Nebraska Nepalese Society would like to congratulate Moms and Dads for being Blessed with a New Born Baby during 2016-2018.



***Name: Dibhyam Baral***

Dad : Dipesh Baral
Mom : Jwala Baral

***Name: Prayan Ale magar***

Dad : Prakash Ale magar
Mom : Yog maya Ale magar





***Name: Arbin pradhan***

Dad : Bhishan pradhan
Mom : Anita shrestha pradhan



***Name: Aashika Kandel***

Dad : Sheshkanta kandel
Mom : Laxmi Sapkota



***Name: Prince Neupane***

Dad : Dhirendra Neupane
Mom : Radha Neupane



***Name: Albin pradhan***

Dad : Bhishan pradhan
Mom : Anita shrestha pradhan



***Name: Diya Paudel***

Dad : Deepak Paudel
Mom : Sabina Paudel

***Name: Aarav Acharya***

Dad : Raj Acharya
Mom : Soniya Acharya





***Name: Saanvi Dhungel***

Dad : Sanjiv Dhungel
Mom : Bina Dhungel



***Name: Bishan bikram thapa***

Dad : Bishow Bikram Thapa
Mom : Nikita Thapa



***Name: Aryana Thapa***

Dad : Shiva thapa
Mom : Sharmila adhikari thapa



***Name: Ishan Dhakal***

Dad : Ishwor Dhakal
Mom : Samjhana Dhakal

## The Best Day at School





One day at school it was Friday in the morning, we ate breakfast at school after my mom dropped me off. It was French Toast for our breakfast and it was delicious, yum. Then, the school bell rang. Everyone went in their class with their back pack. The first thing we had for our class was PE specials. In PE, it was so much fun. We played a game called "Hit the Cones". So, our PE teacher had 3 matches. Each team had about 15 to 16 people. I knocked down 6 cones against my competing teams. My team won the first two games in a row. Then it was the end of PE. I said, "I hope we play this game again!" I like PE a lot.

**Kocis Kandel**

**2nd Grader– Loveland Elementary School**

# The Role of Music in My Life



Nia Acharya

**"Without music, life would be a blank to me." - Jane Austen, English novelist**

This quote represents the value of music in my life. In basic terms, it is what carries me throughout my day and helps me overcome any difficulties that life brings me. Music brings life to me, as some of my close ones would say. Music has inspired me to learn about several cultures and has taught me to appreciate the differences the world beautifully has. Music has developed me as a human being.

I've been able to connect with several people around the world, sharing our love for music. All the harmonies, rhythms, and beats have made me a much happier person than I ever thought I could be. It is always there in times of need in forms of ballads and soft tunes, or even as upbeat dance songs. If not listen, then music has also always been my second diary. I can put all the emotions I feel into one song and create something personal for me, and for many who experience the same feelings. Of course, music has been something I've listened to and made for many years, but recently it has made a great impact on me. In the past, staying primarily in the medical field had always been my focus.

Now, as a junior having to map out my future in college, I have made the ultimate decision to minor in music technology. The need of music not only in my personal life, but also in my professional life has become clearer than ever. I want to use music to help and inspire others to exceed beyond their musical capabilities. And if I must speak in medical terms, it has been concluded through research that music aides in developing the human brain physically and that listening to music releases dopamine. In the future, whether I decide to become an orthopedic surgeon or a singer, music will always be an integral part of my life.

# सुखी मन

सन्तोषले सुख हुन्छ, सुख त्यही हो, साथको कुरामा सुखी
भौतिक बस्तुले मात्र को सुखी भए, धनी पनि छन् दुखी
मन नै हो सुख दु:खको अनुभव, मान्दा त्यै दु:ख त्यै सुख
दु:ख माने दु:ख हो, सुख माने सुख हो, दुवै छ आफैंसित
भौतिक उन्नतिमा हतार गरि आज, मान्छे सबै बिर्सियो
अर्काको उपकार नै सब कुरा हो, भन्ने सबै बिर्सियो
अरुको उपकार गर्नु, कुभलो कहिल्यै नचिताउनु
यही हो मानिसको अमूल्य गहना, यसैमा रमाउनु
को नै पो छ दीर्घजीवी जगमा, अस्थाइ पाइ तन
जानैपर्छ एकदिन छोडी दुनिया, थुपारी के भो धन
अर्कोलाई ठगेर के कति, भोग्छौ र शान्ति सुख
अस्थाइ धन बुझेर अब त, मनमा खोजौं सुख ।
गर्नु निस्वार्थ भावले जगतमा, सत्कर्म जीवन भर
दुखी माथि दया गरेर जीउनु, पाप देखि मानौ डर ।।



सरस्वती पौडेल




## Congratulations And Best wishes

On behalf of Nebraska Nepalese Society, we would like to congratulate Ms Dilasha Neupane for standing Ms USA Nepal 2018. We are proud of you for your crowning and accomplishment.








**Nebraska Nepalese Society 2018**



मलाइ नेपाल प्यारो छ।

मेरो नाम समृद्धी हो।

मेरो परिवार अमेरिका मा भए पनी मेरो अरू
पनी परिवार नेपाल मा हुनुहुन्छ
मेरो घर काठमाण्डौ मा छ त्याहा मेरो हजुरबा
हजुरआमा मेरो काका काकी र भाई हरू बस्नुहुन्छ
मेरो मामा घर कुश्मा पर्वत मा छ त्याहा मेरो
हजुरबा हजुरआमा मामा हरू र माइजु हरू र आफु
बस्नुहुन्छ। उहाँ हरू संग हाम्रो फोन मा र स्काइप मा कुरा
गर्नी हुन्छ। उहाँ हरूले मलाइ धेरै माया गर्नु
हुन्छ बेला बेला मा उपाहार हरू पठाइ दिनु
हुन्छ। मलाई नेपाल जान मन लाग्छ, बाबा
आमा नगई म मात्र जान मिल्दैन मलाई हाम्रो
नेपाली खाना खान, नेपाली लुगा लगाउन,
नेपाली लुगा लगाउन नेपाली स्कुल जान
अनी नेपाली संस्कार सबै मन पर्छ
नेपाली चाड हरू पनी मन पर्छ






Samriddhi Paudel

**'Doing it right the first time' can save time, money and most importantantly, it makes everyone happy. If I can be of any assistance, please call me at 402-578-1464. I look forward to hearing from you !**






# आमा त्यो म नै हो



योगराज गौतम

सुदूर पूर्वको प्रशान्त महासागरीय विशाल आँधी हुरि सँगै,
अश्वमेध यज्ञबाट भागेर आएको घोडा चढेर,
गोधुली साँझ हुनै लाग्दा

आमा !
तिम्रो सपनामा
तिम्रै घरको आँगनमा
लाहुरे घडी र बूट जुत्ता लगाएर,
सधैँ आईपुग्ने मान्छे
म नै हो ।
कहिले काहीँ
स्वच्छन्द चरा जस्तै उडेर,
बर्मुडा त्रिकोणको राक्षसी इतिहास भंग गर्दै,
प्रेमरुपी टाइटानिक जहाजबाट
आन्ध्र र हिन्द महासागर हुँदै,
बंगालको मनसुनी हावा सँगै
वर्षौं देखिको तिम्रो अभावमा जम्मा भएको
एक समुद्र पानी आँखामा बोकेर

आमा !
म फर्किने समय नथाकुन्जेल हिसाब गरे बसेकी तिमीलाई
तिम्रै घरको छानाबाट चिहाइरहेको
एउटा गतिशिल आकृति मेरै हो ।
लामो समयको तिम्रो बिछोडमा
मेरो कपाल फूलेका छन्
मेरो दाह्री फूलेका छन्
तालु पनि खुइलिएको छ
डलरसँग पसिना सटही गर्दा गर्दा म
अलि खस्रो, रुखो र फुस्रो भएको छु,
दर्जनभन्दा बढी हाकिमहरुको थिचाइबाट,
म केही थप्चिएको, नेप्टिएको र चेप्टीएको छु
त्यसैले,

आमा !
कतै दोबाटोबाट तिम्रो घरतिर
आइरहेको तिम्रै सन्तानको छाँयाजस्तो आकृति
देख्यौ भने नझुक्किनु है,
त्यो म नै हो ।
हो आमा !
तिम्रो ओठमा मुस्कान भर्न
पिठ्युमा एक भारी फूल बोकेर,
सधै तिम्रो सपनामा आइरहने मान्छे
म नै हो ॥



On the auspicious Nepalese cultural occasion of Dashain and Tihar
wishes you all Nepalese happy greetings. May Nebraska Nepalese Society develop towards prosperity and harmony:

**I would love to help you find your special home and show you our Home Buying Steps to make it so easy to purchase your home**

CELEBRITY HOMES

Homes • Villas • Townhomes



**Don lgo, CSP, GRI**
New Home Consultant

**Your Celebrity Homes Representative**
Call /text: 402-306-6000

digo@celebrityHomesOmaha.com

celevrityHomesOmaha.com